ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल




**केन्द्रीय कार्यालय**

काठमाडौँ नेपाल

पो.ब.नं. २०२८५

फोन नं. +९७७-१-४५३८७५०


नेपालको एकमात्र स्वतन्त्र विद्यार्थी संगठन

नेपाल आमाको जय !

## अवधारणा




हामी सम्पूर्ण नेपालीहरूको चाहना र हाम्रो राष्ट्रिय उद्देश्य शान्त, समृद्ध र विश्वमा एक आदर्श राष्ट्र नेपाल बनाउनु नै हो । कुनै पनि राष्ट्रनिर्माणको लागि त्यस देशको शिक्षा, स्वास्थ्य, प्रशासन, न्यायालय, सुरक्षा, राजनीति, सञ्चार आदि राष्ट्र सञ्चालनका महत्त्वपूर्ण निकायहरू सुव्यवस्थितरूपमा सञ्चालन हुनु आवश्यक छ र त्यसका लागि सबै क्षेत्रमा कार्य गर्ने मानवस्रोतले मर्यादापूर्वक राष्ट्रिय हितलाई प्रथम स्थानमा राखेर कार्य गर्ने सोच, इमानदारिता र सङ्कल्प राख्नु पर्दछ । अर्थात् कुनै पनि राष्ट्रनिर्माणको आधार भनेको असल चरित्र र राष्ट्रप्रेम भएको त्यस देशको नागरिक नै हो । प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल सोही चिन्तनलाई केन्द्रविन्दुमा राख्दै २०५२ सालमा स्थापना एवं २०५४ सालमा विधिवत् रूपमा दर्ता भई दलीय राजनीतिदेखि माथि रहेर शिक्षक, विद्यार्थी र शिक्षाविद्लाई एउटै सूत्रमा आबद्ध गर्दै राष्ट्रपुनर्निर्माणको ध्येयका साथ देशको शिक्षा तथा सामाजिक क्षेत्रमा आफ्ना रचनात्मक गतिविधि सञ्चालन गर्दै आइरहेको छ । नेपालको राष्ट्रियता र नेपाली माटोमा पल्लवित मौलिक सनातन दर्शनलाई आफ्नो वैचारिक अधिष्ठान मान्दै असल, चरित्रवान्, नीतिवान्, अनुशासित एवं इमानदार व्यक्ति निर्माणको माध्यमबाट राष्ट्र पुनर्निर्माणको महत्त्वपूर्ण एवं मुख्य भूमिकामा आफ्नो दायित्व निर्वाह गर्ने सङ्कल्पका साथ परिषद् सतत् अगाडि बढिरहेको छ ।

## दृष्टिकोण

राष्ट्र पुनर्निर्माणको कार्य मूलत: रचनात्मक कार्य हो । आफू स्वयंबाट परिवर्तनको प्रारम्भ गर्नु, म परिवर्तन हुन्छु, समाज र राष्ट्र परिवर्तन हुनेछ भन्ने सोचको विकास गर्नु, सकारात्मक र भावनात्मक राष्ट्रभावको विकास गर्नु, सकारात्मक सोच, इमानदारिता, परिश्रमशीलता, सामाजिक संवेदना, त्याग आदि गुणहरूले युक्त व्यक्तिको निर्माण एवं विकास होस् भन्ने दृष्टिले विभिन्न प्रकारका रचनात्मक कार्यक्रमहरूको आयोजना गर्नुका साथै विद्यार्थी शक्तिलाई समाज एवं राष्ट्र हितमा उपयोगी गराउनु परिषद्को मुख्य दृष्टि हो । संस्कारित एवं राष्ट्रिय दृष्टिकोणयुक्त युवाशक्ति नै राष्ट्रका मेरूदण्ड हुन् भन्ने विचारलाई आत्मसात् गर्दै परिषद् निरन्तर वैचारिक कार्यमा सक्रिय छ। राष्ट्र पुनर्निर्माणको आधारशीला ज्ञान, शील र एकताको आदर्शलाई लिएर जातिवाद, रङ्गवाद, छुवाछुत, भेदभाव आदि सामाजिक कुप्रथाहरूलाई निर्मूल पार्न सामाजिक गतिविधि गर्दै परिषद्ले आफूलाई एक स्वतन्त्र आदर्श सामाजिक विद्यार्थी सङ्गठनको रूपमा स्थापित गरिसकेको छ ।

## विशेषता

केवल सत्ता परिवर्तनबाट मात्र शान्त र समृद्ध राष्ट्र निर्माणको कल्पना पुरा हुन सक्दैन । युवा तथा विद्यार्थीहरूमा नैतिकता, चरित्रता, अनुशासन, इमानदारिता एवं राष्ट्रिय दृष्टिकोणजस्ता गुणको विकासका साथै राष्ट्रभावको विकास गर्न सकियो भने मात्र हामीले कल्पना गरेको शान्त र समृद्ध राष्ट्रनिर्माण गर्न सक्दछौँ । तसर्थ हामी कुनै राजनीतिक दलका अङ्ग होइनौँ तथा कुनै दलबाट नियन्त्रित छैनौँ । राजनीतिक सत्ता प्राप्तिको माध्यमका लागि सङ्गठनको कार्य गर्नु हाम्रो उद्देश्य होइन । हामी दलगत राजनीति र राष्ट्रिय राजनीतिलाई अलग-अलग रूपमा परिभाषित गर्दछौँ । राष्ट्रिय राजनीतिका महत्त्वपूर्ण विषयहरू शिक्षा, विकास, राष्ट्रिय सुरक्षा, परराष्ट्रनीति, लगायतका राष्ट्रहितका सबै विषयमा विद्यार्थी परिषद् आफ्नो भूमिकालाई अनिवार्य ठान्दछ साथै राजनीतिक दलहरूलाई सुझाव एवं नैतिक दबाब सिर्जना गर्दछ ।









## शैक्षिक चिन्तन







हामी शैक्षिक परिवारअन्तर्गत शिक्षक, विद्यार्थी एवं शिक्षाविद्को एउटै साङ्गठनिक संरचना खडा गरी शैक्षिक परिवारको चिन्तनमा पूर्ण विश्वास राखी कार्य गर्दछौँ। विद्यार्थी, शिक्षक र शिक्षाविद्को सामूहिक परिकल्पनामार्फत् शिक्षाक्षेत्रको पुन:संरचनाको माध्यमबाट दक्ष युवावर्ग निर्माणमा परिषद् सदैव अग्रसर रहेको छ। शिक्षाक्षेत्र भित्रका विभिन्न चुनौती एवं समस्यालाई लिएर परिषद्ले शिक्षाक्षेत्रमा एक सशक्त आन्दोलन खडा गरेको छ। नैतिक शिक्षाको पठनपाठन, मूल्यमा आधारित रोजगारमूलक व्यावहारिक शिक्षाको अनिवार्यता, शिक्षाक्षेत्र भित्रको दलीय राजनीतिक हस्तक्षेप एवं व्यापारीकरणको अन्त्य, परीक्षा प्रणाली, पाठ्यक्रम परिमार्जन, देशको भूगोल, महापुरूष इतिहास र संस्कृति सुहाउँदो शिक्षा, स्वविवु चुनावको अराजकता र त्यसको समाधान, शैक्षिक संस्थाहरूको मूल्याङ्कन र गुणस्तर मापन लगायतका महत्वपूर्ण मुद्दाहरूमा परिषद्ले सङ्घर्षको शृङ्खला खडा गरेको छ। आफ्ना केन्द्रीय कार्यक्रममार्फत् निरन्तर शैक्षिक प्रस्ताव पारितसँगै त्यसको कार्यान्वयनमा निरन्तर प्रयास गरिरहेको छ। जसको माध्यमबाट नैतिक शिक्षाको पठनपाठन प्रारम्भ, जीवनोपयोगी शिक्षाको, योग शिक्षाको पठनपाठन, अनुदान आयोगद्वारा QAAC को गठन, स्वविवु चुनावमा उमेरको हदबन्दी लगायतका महत्त्वपूर्ण परिवर्तन शिक्षाक्षेत्रमा हुन सफल भएका छन्। प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल एक विद्यार्थी सङ्गठन भएका कारण शिक्षाक्षेत्रमा भइरहेका विविध गतिविधिहरूको अध्ययनका साथसाथै शिक्षाक्षेत्रको सुधारका निमित्त विभिन्न शैक्षिक बहस, राष्ट्रिय तथा प्रदेशस्तरमा शिक्षा कार्यशालाको आयोजना गर्दै विद्यार्थी, शिक्षक र शिक्षाविद्हरूलाई त्यस बहसमा संलग्न गर्दै समस्याको पहिचानसँगै समाधानका उपायहरू पनि सुल्झाउँदै विद्यार्थी परिषद् निरन्तर अगाडि बढिरहेको छ।

## राष्ट्रिय दायित्वमा विद्यार्थी परिषद्

विद्यार्थी परिषद् राष्ट्रिय महत्त्वका विभिन्न विषयलाई लिएर जनजागरण अभियान एवं सतेचनामूलक गतिविधिको आयोजनामा निरन्तर सक्रिय छ। एकल जातीय र एक मधेश एक प्रदेशको आन्दोलनबाट चर्किएको क्षेत्रीयता र जातीयताको विषयले खलबलिँदै गएको सामाजिक सद्भावलाई कायम राख्न **हिमाल पहाड तराई–हामी सबै दाजुभाइ**को नारा लिएर परिषद्ले देशभर सौहार्द्र यात्रा सञ्चालन गऱ्यो। जसबाट सामाजिक सद्भाव र सहिष्णुतालाई कायम राख्ने कार्यमा परिषद्को महत्त्वपूर्ण भूमिका रह्यो। राष्ट्रलाई एक सूत्रमा बाँध्ने तत्त्वको विकास गर्दै यी नाराहरूलाई स्थापित समेत गऱ्यो। २०६२/०६३ को जनआन्दोलन, २०६४/०७० को संविधानसभाको निर्वाचन होस् वा २०७४, २०७९ मा सम्पन्न स्थानीय तह, प्रतिनिधिसभा एवं प्रदेशसभाको चुनाव होस् त्यसलाई सफल बनाउनका लागि परिषद्ले आफ्नो महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो। देशका लाखौं युवाहरूलाई सकारात्मक सामाजिक रूपान्तरणका लागि प्रेरित गऱ्यो। देशमा बढ्दै गइरहेको जातीयता, क्षेत्रीयता र वर्गीयताका नाराहरूलाई परास्त गर्नका लागि एवं सामाजिक सद्भाव, जातीय सद्भावका साथै बन्धुत्वको भावना जागृत गर्नका लागि देशभर बहस एवं वैचारिक जागरण गरिरह्यो र निरन्तर गरिरहेको छ।







## सामाजिक हितमा परिषद्





२०७२को महाभूकम्प होस् वा २०७४ को मधेशमा आएको विनाशकारी बाढी होस्, परिषद्का कार्यकर्ता तन मनका साथ राहत तथा उद्धार कार्यमा अहर्निश सक्रिय रहिरहे । २०७८ सालमा पहाडी क्षेत्रमा गएको विनाशकारी पहिरो, २०८० सालमा बझाङमा गएको भूकम्प प्रभावित क्षेत्रका नागरिकहरूलाई सहयोग प्रदान, जाजरकोट भूकम्प प्रभावितका लागि सहयोग प्रदान, हजारौँ बालबालिका लागि प्रत्येक वर्ष शैक्षिक सामग्री वितरण आदि सेवा कार्यमा सक्रिय रहँदै परिषद्ले आफ्नो सामाजिक जिम्मेवारी पुरा गर्दै आइरहेको छ । समय-समयमा रक्तदान, सामाजिक अनुभूति, वृक्षरोपण, स्वास्थ्य शिविर, सरसफाइ, ट्राफिक सचेतना आदि महत्त्वपूर्ण कार्यक्रममा परिषद् सदैव अगाडि रहेको छ र रहिरहनेछ ।

## जनजाति विद्यार्थी कार्य



विगत केही वर्षदेखि प्राज्ञिक विद्यार्थी परिषद् नेपाल देशको जनजाति क्षेत्रमा कुशल, असल, इमानदार र योग्य व्यक्ति एवं नेतृत्वको श्रृंखला निर्माणका लागि विशेष प्रयासरत छ । जनजाति क्षेत्रका युवामा आफ्नोपनको जानकारी गराउँदै पहिचानका मूलभूत कुराहरू (भाषा, साहित्य, संस्कृति, इतिहास, पुर्खा भेषभूषा आदि) प्रति युवावर्गलाई जागरुक बनाउँदै त्यसको संरक्षण,प्रर्वद्धन एवं विस्तारको साथमा राष्ट्रिय एकता र राष्ट्रिय पहिचानका लागि सामूहिक सोच निर्माणमा विद्यार्थी परिषद् सक्रिय रहेको छ । सोही कार्यलाई थप प्रभावी बनाउनका लागि समय समयमा जानजाति विद्यार्थी प्रशिक्षण वर्ग, जनजाति विद्यार्थी बैठक, जनजाति बाहुल्य क्षेत्रमा विशेष प्रवास एवं अध्ययन, राष्ट्रिय जनजाति विद्यार्थी सम्मेलन आदि महत्त्वपूर्ण गतिविधि निरन्तर सञ्चालन गरिरहेको छ ।

## छात्रा कार्य





नारीशक्तिको पुनर्जागरण, आत्मस्वाभिमान तथा छात्रा नेतृत्व विकासका लागि विद्यार्थी परिषद्ले छात्राहरू माझ विशेष प्राथमिकताका साथ कार्य गरिरहेको छ । छात्राहरूको आत्मविश्वास र आत्मरक्षाको विकासका लागि **मिसन साहसी अभियान**मार्फत् प्रत्येक वर्ष हजारौँ छात्राहरूलाइ आत्मरक्षा र आत्मविश्वास सम्बन्धी प्रशिक्षण प्रदान गर्न विद्यार्थी परिषद् सफल भएको छ । समय समयमा राष्ट्रियस्तरमा छात्रा सम्मेलनको अयोजना, छात्राहरूको स्वाभाविक नेतृत्व र व्यक्तित्व निर्माणसँगै प्रत्येक क्षेत्रमा छात्राहरूको महत्त्वपूर्ण सहभागिताका लागि विशेष प्रशिक्षणको आयोजना, छात्राहरूमा वैचारिक चिन्तन विकासका लागि `नारी चिन्तन´ कार्यक्रमको आयोजना आदि महत्त्वपूर्ण गतिविधि विद्यार्थी परिषद्ले गरिरहेको छ ।

## निरामय
## चिकित्सा शिक्षाक्षेत्र कार्य



देशको स्वास्थ्यक्षेत्रमा आवश्यक कुशल स्वास्थ्यकर्मी उत्पादनसँगै सो समूहमा नैतिक मूल्य, मानवीय संवेदना जागृतिका साथ राष्ट्रलाई पहिलो प्राथमिकतामा राखेर कार्य गर्न सक्ने चिन्तन तयार होस् भन्ने दृष्टिकोणले केही वर्षदेखि विद्यार्थी परिषद् देशको चिकित्सा शिक्षा क्षेत्रमा अध्ययनरत विद्यार्थीहरूमाझ विशेष प्रशिक्षण, रचनात्मक गतिविधि तथा वैचारिक कार्य सञ्चालन गर्दै आइरहेको छ ।

## संस्कृत विद्यार्थी कार्य




नेपालमा संस्कृत शिक्षा, संस्कृत क्षेत्रबाट राष्ट्रले गरेको अपेक्षा र संस्कृत क्षेत्रको भूमिका, संस्कृत शिक्षाले देशको संस्कृति, राजनीति, प्रशासन, शिक्षा, सुरक्षा, भाषा तथा साहित्य संरक्षण, समाज व्यवस्थामा पार्ने प्रभाव आदि विषयमा बृहत् चिन्तन र चर्चा अपरिहार्य छ । सोही विषयमा चिन्तन गर्दै संस्कृतक्षेत्रबाट राष्ट्रले अपेक्षा गरेको संस्कारित, चरित्रवान् तथा इमानदार युवाशक्ति निर्माणका लागि सकारात्मक वातावरण निर्माणसँगै संस्कृत क्षेत्रमा सोही प्रकारको अध्यापनका साथमा अनुसन्धानमूलक गतिविधि हुन सकून् भन्ने ध्येयले प्राज्ञिक विद्यार्थी परिषद्, नेपालले नेपालको संस्कृत क्षेत्रमा आफ्नो गतिविधि सञ्चालन गरिरहेको छ । समय समयमा संस्कृत संभाषण शिविर, राष्ट्रिय संस्कृत विद्यार्थी सम्मेलन, संस्कृत भाषा र साहित्यको प्रबोधनका लागि विशेष प्रशिक्षण आदि गतिविधिमार्फत् नेपालको संस्कृत शिक्षाको सुधारका लागि विद्यार्थी परिषद् अग्रसर रहेको छ

## सङ्कल्प
## इन्जिनियरिङ विद्यार्थी कार्य



देशमा आवश्यक कुशल, योग्य र इमान्दार इन्जिनियरहरू निर्माणसँगै स्वतन्त्र इन्जिनियरिङ समूहको माध्यमबाट नेपालको इन्जिनियरिङ अध्ययनको क्षेत्रमा विशेष कार्य गर्ने ध्येयका साथ २०७५ सालमा सङ्कल्पको प्रारम्भ भयो **संकल्प** को माध्यमबाट विशेष गरेर इन्जिनियरिङ अध्ययनरत विद्यार्थीवर्ग, प्राध्यापकवर्ग, विभिन्न निकायमा रहेर उत्कृष्ट नेतृत्व प्रदान गरेका विशिष्ट व्यक्तिहरूलाई संगठित गर्दै दलीय भावना, हस्तक्षेप, स्वार्थ, दबाब र प्रभावबाट नितान्त अलग राख्दै राष्ट्रको विकास एवं समृद्धिको लक्ष्यका साथ सङ्कल्पले आफ्नो राष्ट्रिय जिम्मेवारी निर्वाह गर्ने दिशामा अगाडि बढिरहेको छ, जसले भविष्यमा देशको एक महत्वपूर्ण, उत्कृष्ट र प्रभावी सङ्गठनको रूपमा आफ्ना गतिविधिलाई अगाडि बढाउने छ ।

## कानुन विद्यार्थी कार्य

देशको महत्त्वपूर्ण र सर्वोच्च निकाय न्याय क्षेत्रलाई विश्वासिलो, पारदर्शी, स्वच्छ, मर्यादायुक्त र सम्मानजनक बनाइ राख्नका लागि सो क्षेत्रमा प्रवेश गरेर कार्य गर्ने वर्तमान समयमा कानुन अध्ययनरत विद्यार्थीमा उक्त चिन्तन र दृष्टिकोणको विकास अपरिहार्य छ । सोही विषयलाई केन्द्रमा राख्दै विद्यार्थी परिषद्ले कानुन अध्ययनरत विद्यार्थीमाझ आफ्ना गतिविधि अगाडि बढाइरहेहको छ । कानुन क्षेत्रलाई दलीय राजनीतिको प्रभावबाट माथि राख्दै भविष्यमा न्याय सेवामा जाने युवा जनशक्ति अनुशासित, इमानदार, नीतिवान् र योग्य बन्न सकून् त्यसका लागि परिषद्ले कानुन अध्ययनरत विद्यार्थीमाझ विशेष प्रशिक्षण वर्ग, राष्ट्रिय सम्मेलन तथा विविध रचनात्मक गतिविधि सञ्चालन गर्दै आइरहेको छ ।




## सेवा र विकासका लागि युवा

समाज जीवनका विभिन्न क्षेत्रमा कार्य गरिरहेका विद्यार्थी परिषद्का पूर्व कार्यकर्ता एवं देशका विभिन्न क्षेत्र र तहमा रहेका युवालाई आवद्ध गर्दै, समाजमा असल, कुशल, चरित्रवान, इमानदार र राष्ट्रिय दृष्टिकोणयुक्त युवावर्ग निर्माण गर्दै उनीहरूको सोच, क्षमता र कौशललाई समाज हित, सेवामूलक एवं विकासका कार्यमा सदुपयोग गर्ने र युवा शक्तिलाई विकासका विभिन्न कार्यमा सक्रिय गराउने ध्येयका साथ `सेवा र विकासका लागि युवा´ आयाम अगाडि बढिरहेको छ । जसले आफ्नो स्थापनादेखि नै निरन्तर सेवामूलक गतिविधिका साथै सिप विकास केन्द्र आदि सञ्चालनमार्फत् निरन्तर सेवा एवं समाज हितको कार्य गरिरहेको छ ।

## परिषद्का केही महत्त्वपूर्ण गतिविधिहरू

- युवा विकास केन्द्रमार्फत् युवा विकासका कार्यक्रम
- विभिन्न सिपमूलक प्रशिक्षण सञ्चालन
- स्वाध्ययन मण्डल सञ्चालन (Study Circle)
- छात्रवृत्तिकोष सञ्चालन
- नि:शुल्क कम्प्युटर तालिम र विशेष तयारी कक्षा
- बालसंस्कार कार्यक्रम
- जीवनोपयोगी सिपमा आधारित व्यक्तित्व एवं नेतृत्व विकास तालिम
- समसामयिक विषयमा विभिन्न जागरण एवं दबाब अभियान
- प्राकृतिक प्रकोपमा राहत तथा उद्धार कार्यक्रम सञ्चालन
- पुस्तकालय, रक्तदान, वृक्षारोपण, सरसफाई, स्वास्थ्य शिविर लगायतका सेवामूलक कार्यक्रम सञ्चालन
- स्थानीय निकाय र केन्द्र सरकारलाई ठोस नीतिगत सुझाव प्रदान
- शैक्षिक सामग्री वितरण
- शिक्षा कार्यशाला
- परिषद्को मुखपत्र छात्र विचार द्वैमासिक पत्रिका प्रकाशन
- प्रतिभा सम्मान कार्यक्रम आदि











## परिषद्ले सञ्चालन गरेका प्रमुख अभियान एवं गतिविधि

- **२०५२ :** मङ्सिर २४ काठमाडौँमा स्थापना, २०५४ मा प्र.जि.का. काठमाडौँमा दर्ता ।
- **२०६२/०७४/२०७६ :** छात्रा नेतृत्व निर्माणका लागि राष्ट्रिय छात्रा सम्मेलन सम्पन्न ।
- **२०६२ :** कलेजहरूको Assessment गरी Accreditation गर्ने व्यवस्था निर्माणका लागि तत्कालीन शिक्षामन्त्री प्रदीप नेपालज्यूलाई दिएको सुझाव अनुसार QAAC (Quality Assurance & Accreditation Committee) को गठन ।
- **२०६२ :** शिक्षाक्षेत्रलाई दलीय राजनीतिक हस्तक्षेप र GATS को परिधिबाट अलग राख्न बहस एवं वैचारिक आन्दोलन सञ्चालन ।
- **२०६२ :** लोकतन्त्र स्थापनाका लागि २०६२/६३ को जनआन्दोलन सफल पार्न विशेष भूमिका निर्वाह ।
- **२०६४/०७० :** पहिलो एवं दोस्रो संविधानसभाको निर्वाचनमा देशभर संविधानसभा निर्वाचन सम्बन्धी जनजागरण एवं सचेतनामूलक अभियान सञ्चालन ।
- **२०६५ :** स्ववियु चुनावमा २५ वर्षको उमेर हदबन्दीको माग । विश्वविद्यालयद्वारा सो मागको स्वागत गर्दै २८ वर्षको समयसिमा एवं नियमित विद्यार्थीले मात्र चुनावमा उमेद्वारी दिन पाउने नीति लागू ।
- **२०६५ :** माघ महिनाभर **राम्रो र समृद्ध नेपाल निर्माणका लागि हाम्रो पाठ्यक्रम** भन्ने मूल नारासहित देशभर जागरण अभियान सम्पन्न । जसद्वारा शिक्षानीति, शैक्षिक प्रणाली र पाठ्यक्रमका लागि सुझाव एवं हस्ताक्षर सङ्कलन ।
- **२०६५ :** चैत्र १४ गते काठमाडौँमा शिक्षा, रोजगार तथा सांस्कृतिक जागरणका लागि विशाल जनजागरण एवं दबाव ऱ्याली सम्पन्न । ३८ बुँदे सुझावपत्र तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालज्यू समक्ष पेस ।
- **२०६७ :** देशका मुख्य १० केन्द्रमा सार्थक संविधान निर्माणका लागि जनजागरण एवं दबाव ऱ्याली सम्पन्न ।
- **२०६८ :** देशका प्रमुख राजनीतिक दलको बीचमा जाति र भाषाको आधारमा संघीयतामा जाने बहस चलिरहेको अवस्थामा जातीयता र क्षेत्रीयताको आधारमा संघीयतामा जाने विषयको देशभर विरोध एवं जागरण अभियान सञ्चालन ।

- **२०६९ :** देशलाई जातीयता र भाषाका आधारमा गर्न लागिएको विभाजनलाई रोक्नका लागि तत्कालीन संविधानसभाका सम्पूर्ण निकायका प्रमुख, प्रशासक, सम्पूर्ण राजनीतिक दलका प्रमुख नेता, सचेतकहरू एवं सभासद्हरूलाई प्रत्यक्ष भेटघाट गरी वार्ता पश्चात् ऐतिहासिक सात बुँदे सुझाव पत्र पेश जसद्वारा परिषद् जातीय संघीयताको अवधारणालाई रोक्नका लागि सफल ।
- **२०७२ :** वैशाख १२ को विनाशकारी भूकम्पमा विभिन्न सामाजिक संघसंगठनहरूसँग सहकार्य गर्दै भूकम्प प्रभावित १४ जिल्लामा लामो समयसम्म उद्धार कार्य तथा राहत वितरण अभियान सञ्चालन ।
- **२०७२ :** संविधान निर्माणको क्रममा सुझाव संकलन अभियानमा देशभर सहभागिता एवं संविधानका अनुपयुक्त शब्द र विषयप्रति आपत्ति जनाउँदै देशभर सुझाव पेश । जसद्वारा यौनिक अभिमुखीकरण जस्ता शब्द एवं वाक्य संविधानमा संशोधन ।
- **२०७४ :** मधेशमा आएको विनाशकारी बाढिको कारण उत्पन्न असहज परिस्थितिमा उद्धार कार्यमा सक्रिय, राहत वितरण एवं बाढि प्रभावित बालबालिकाको लागि शैक्षिक सामग्री वितरण अभियान सञ्चालन ।
- **२०७४/२०७९ :** स्थानीय तहको चुनावमा योग्य र इमानदार नेतृत्व चयनका लागि नगर एवं गाउँपालिका प्रमुख उपप्रमुखका उमेद्वारको साथमा देशभर विभिन्न अन्तरक्रिया एवं बहस कार्यक्रम सम्पन्न ।
- **२०७४ :** प्रतिनिधि एवं प्रदेशसभा चुनावमा मतदाता जागरण अभियान सञ्चालन, प्रतिनिधिसभा, प्रदेशसभाको महत्व र मतदान प्रक्रियाको बारेमा मतदाता शिक्षा देशभर सञ्चालन । परिषद्का १५० भन्दा धेरै कार्यकर्ताद्वारा निर्वाचन पर्यवेक्षकको भूमिका निर्वहन ।
- **२०७४ :** देशभरका ७७ जिल्लामा कार्य विस्तार गरी हजारौं युवा तथा विद्यार्थीहरूलाई राष्ट्रिय दृष्टिकोण दिन सफल ।
- **२०७४/२०७६ :** देशको जनजाति क्षेत्रमा योग्य र इमान्दार नेतृत्व निर्माणका लागि नेपालको इतिहासमा जनजाति विद्यार्थी, शिक्षक एवं शिक्षाविद्को सहभागितामा राष्ट्रिय जनजाति विद्यार्थी सम्मेलन सम्पन्न ।
- **२०७४ :** त्रिवि परीक्षा नियन्त्रण कार्यालय बल्खुद्वारा मात्रै वितरण गरिने ट्रान्सकिप्ट स्थानीय आङ्गिक क्याम्पसबाट नै उपलब्ध गराउने व्यवस्था मिलाउनका लागि सुझाव पेश, साथै कार्यान्वयनको प्रक्रिया प्रारम्भ ।
- **२०७५ :** छात्रा सुरक्षा र सम्मान र स्वाभिमानका लागि **मिसन साहसी अभियान** सञ्चालन ।
- **२०७७ :** विश्वव्यापी सङ्कट कोभिडको असहज परिस्थितिमा देशभर विभिन्न सेवा कार्य सञ्चालन, मास्क वितरण, भोजन वितरण, खाद्यान्न वितरण तथा स्वास्थ्य सामग्री वितरण कार्य सम्पन्न ।
- **२०७८ :** पहाडी क्षेत्रमा गएको विनासकारी पहिरोबाट प्रभावित ५०० भन्दा धेरै परिवारका लागि राहत सामग्री वितरण ।
- **२०७९ :** शिक्षाको समग्र चिन्तनका लागि राष्ट्रिय शिक्षा कार्यशाला ललितपुरमा सम्पन्न, विभिन्न विश्वविद्यालयका पदाधिकारी, शिक्षा मन्त्रालय, राष्ट्रिय परीक्षा बोर्ड, विश्वविद्यालय अनुदान आयोग आदिको महत्त्वपूर्ण उपस्थिति ।
- **२०७९/०८० :** देशभर ४० जिल्लाका ६००० विद्यार्थीका लागि आवश्यक शैक्षिक सामग्री वितरण ।
- **२०८० :** बझाङमा गएको भूकम्पबाट प्रभावित १०० परिवारका लागि राहत सामग्री वितरण ।
- **२०८० :** देशको समग्र शिक्षाको अवस्था चुनौती र समाधानको विषयमा बृहत् चिन्तनका लागि सातै प्रदेशमा प्रदेशस्तरीय शिक्षा कार्यशाला सम्पन्न ।
- **२०८० :** देशाको अर्थतन्त्रको सुधारका चुनौती र अवसरको विषयमा काठमाडौंमा अर्थ संगोष्ठी सम्पन्न ।
- परिषद्को लामो बहस एवं दबाब पश्चात् पुनः नैतिक शिक्षा एवं जीवनोपयोगी शिक्षा पाठ्यक्रममा लागू ।
- प्रत्येक वर्ष परिषद्को केन्द्रीय कार्यकारिणी समिति बैठक र राष्ट्रिय अधिवेशनबाट पारित शैक्षिक, आर्थिक एवं समसामयिक प्रस्तावहरू सम्बन्धित निकायलाई पेश ।
- देशको इतिहास, मौलिक संस्कृति, राष्ट्रिय पहिचान एवं सांस्कृतिक धरोहरहरूको संरक्षण एवं विकासका लागि निरन्तर बहस, जागरणजस्ता अभियान सञ्चालन ।












प्राज्ञिक विद्यार्थी परिषद, नेपाल
अर्थ सङ्गोष्ठी


भाषण




ज्ञान
शील
एकता
प्राज्ञिक विद्यार्थी परिषद, नेपाल


प्राज्ञिक विद्यार्थी परिषद, नेप
राष्ट्रिय शिक्षक
१५, १६ र १७ वैशाख, २०७९ । काठमाडौं




प्राज्ञिक विद्यार्थी परिषद


ज्ञान
एकता
प्राज्ञिक विद्यार्थी परिषद, नेपाल
विद्यार्थी र्‍याली


प्राज्ञिक विद्यार्थी परिषद, नेपाल


नेपाल